जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९
पान नं. ३००९३१९७६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मिति : २०७८ भदौ १६ गते

**माननीय केशवराज पाण्डे ज्यू,**

**आन्तरिक मामिला तथा कानुन मन्त्री**

**बागमती प्रदेश**

**हेटौँडा**

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

**विषय : ज्ञापन पत्र**

**सन्दर्भः जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्यविरूद्धको अन्तर्राष्ट्रिय दिवस**

(Disappearance Day_30 August )

१० वर्षे सशस्त्र द्वन्दका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन गर्न शान्ति सम्झौताको ९ वर्षपछि २०७२ सालमा गठित बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा झण्डै ३ हजार एकसय उजुरी परेका छन् । हरेक वर्ष झैं गरी यस वर्ष पनि जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा पीडित परिवारहरू विभिन्न जिल्लामा भेला भई बेपत्ता पारिएका आफन्तहरूको सत्यतथ्य एवम् स्थिति सार्वजनिक गर्न माग गरिरहेका छन् । बेपत्ता छानबिन आयोगले आफ्नो ६ वर्षे कार्यकाल सकाउँदासम्म उजुरी सङ्कलन गर्नेबाहेक अन्य ठोस केही काम गर्न सकेको छैन । पीडितहरूले बारम्बार उठाएको सत्य, परिपूरण र न्यायका सवालहरू ज्यूँ का त्यूँ छन् ।

तत्कालीन सरकार र नेपाल कम्युनिस्ट पार्टी (नेकपा-माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थाबारे ६० दिनभित्र सार्वजनिक गरिने बाचा गरिए तापनि हजारौं परिवारहरूलाई विगत १५ वर्षदेखि ती घटनाहरूको सत्यतथ्य जान्न पाउने अधिकारबाट वञ्चित गरिँदै आएको छ ।

यसैगरी सत्य निरूपण आयोगमा ६० हजार भन्दा बढी उजुरीहरू परेका छन् । ती उजुरीहरूको अनुसन्धान गरी सत्यतथ्य उजागर गरी पीडितको पीडामा मलम लगाउन सक्नेमा पीडित समुदाय नै विश्वस्त छैन । आयोगहरूले पीडितहरूलाई बोलाएर लिइरहेको बयान पनि सत्य पत्ता लगाउने उद्देश्यले भन्दा पनि काम गरिरहेका छौं भन्ने देखाउने उद्देश्यले प्रेरित भएको देखिने पीडितहरूले बताएका छन् । जबरजस्ती बेपत्ता, गैरन्यायिक हत्या, यातना, यौनजन्य हिंसा र बलात्कृत, विस्थापित, अङ्गभङ्ग एवम् अपाङ्ग पारिएका पीडितहरूको सत्य र न्याय पाउने झिनो आशा क्षिण हुँदै गएको छ ।

व्यक्ति बेपत्ता पार्ने जस्तो गम्भीर अपराधलाई जबरजस्ती मेलमिलाप र क्षमादानको दायराभित्र ल्याइनु हुन्न भन्ने पीडितको माग र सो सम्बन्धमा सर्वोच्च अदालतले ऐन संशोधन गर्न दिएको आदेशको पनि पालना भएको छैन। बेपत्ता जस्तो गम्भीर अपराधलाई अपराधिकरण गर्ने कानुन समेत बन्न सकेको छैन भने द्वन्द्वकालिन मुद्दाहरूलाई तार्किक निष्कर्ष पुऱ्याउने राजनीतिक इच्छाशक्ति पनि देखिएको छैन ।

साथै २०७२ मा गठन भएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग दुवैमा आयुक्तहरूले आफ्नो चार वर्षको कार्यकाल पूरा गरे पनि आफ्नो कार्यादेश अनुरूप काम गर्न सकेनन् भने पुनः नियुक्त भएका आयुक्तहरूले पनि तलब भत्ता बुझ्ने बाहेका कुनै काम गर्न नसकेको जगजाहेरै रहेको छ ।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
बागमती प्रदेश कार्यालय, हेटौँडा
हेटौँडा उपमहानगरपालिका -२, संगमचोक, बासुदेव मार्ग
फोन: ०५७-५९०५५२
Email: hetauda@insec.org.np
Website: www.insec.org.np, www.inseconline.org

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

तसर्थ कायम रहेका आयोगका आयुक्तहरूलाई प्रशासनिक जिम्मेवारी दिई राजनीतिक संयन्त्रको उच्चस्तिरीय आयोगको गठन नहुने हो भने बेपत्ता परिवारको न्यायका आसा बीसौं वर्ष उस्तै रहने निश्चित छ । सर्वदलीय सर्वसम्मत गठन गर्ने उच्चस्तिरीय राजनीतिक आयोगले गर्ने निर्णयको कार्यान्वयन गर्ने भन्दा माथिको दायित्व हाल कायम रहेका आयुक्तले गर्ने अवस्था रहेन ।

त्यसैले जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा हामी सरोकारवाला सङ्घसंस्थाहरू जबरजस्ती बेपत्ता पारिएका व्यक्तिहरूको परिवारका तर्फबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्नेलगायत तपसीलका मागहरू तत्काल पूरा गर्न सरकार समक्ष जोडदार माग गर्दछौं ।

- सर्वोच्च अदालतको आदेश बमोजिम सङ्क्रमणकालिन न्यायसम्बन्धी ऐन संशोधन गरियोस्,
- जबरजस्ती व्यक्ति बेपत्ता पार्ने कार्यलाई ऐन बनाएर अपराधिकरण गरियोस्,
- जबरजस्ती व्यक्ति बेपत्ता व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि अनुमोदन गरियोस्,
- न्यायिक प्रक्रियाको पुनरावृत्ति नहुने प्रत्याभूत गर्नुका साथै पीडित परिवारहरूलाई उचित परिपुरणको व्यवस्था गर्नुका साथै दिगो शान्तिका लागि उचित वातावरण तयार गरियोस्,
- हरेक स्थानीय तहहरूमा द्वन्द्व पीडितहरूको अभिलेख राख्नको लागि आवश्यक पहल गरियोस् ।

**इन्सेकले गरेको अभिलेख अनुसार बागमती प्रदेश भित्र तपसिल बमोजिम बेपत्ता पारिएका व्यक्तिहरू रहेका छन् ।**

| **क्र.सं.** | **जिल्ला** | **सङ्ख्या** |
|---|---|---|
| १ | रामेछाप | ९ |
| २. | सिन्धुपाल्चोक | १७ |
| ३. | रसुवा | १ |
| ४. | धादिङ | २७ |
| ५. | नुवाकोट | १८ |
| ६. | काठमाडौं | २० |
| ७. | भक्तपुर | ५ |
| ८. | ललितपुर | ८ |
| ९. | काभ्रे | २० |
| १०. | सिन्धुली | १४ |
| ११. | मकवानपुर | १२ |
| १२. | चितवन | १३ |
| १३ | दोलखा | ० |
| **जम्मा** | | **१६४ जना** |

**गणेश भण्डारी**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),

बागमती प्रदेश कार्यालय, हेटौंडा

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
बागमती प्रदेश कार्यालय, हेटौंडा
हेटौंडा उपमहानगरपालिका -२, संगमचोक, बासुदेव मार्ग
फोन: ०५७-५९०५५२
Email: hetauda@insec.org.np
Website: www.insec.org.np, www.inseconline.org